# स्थानीय राजपत्र

## कैलारी गाउँपालिद्वारा प्रकाशित

खण्ड : २ संख्या : १ मिति : २०८३/०४/०४

भाग - १

सुदूरपश्चिम प्रदेश, कैलारी गाउँपालिका, हसुलिया, कैलाली

## मुक्त कमैया, कम्लहरी तथा हलिया पुनर्स्थापना कार्यविधि २०८३

प्रमाणिकरण मिति:२०८३/०४/०४
कार्यपालिकाबाट स्वीकृत मिति: २०८३/०३/१५

**प्रस्तावना:**

मुक्त कमैया कम्लहरी तथा हलियाहरूको पहिचान, पुनर्स्थापना कार्य सम्पन्न गर्न र वृति विकासका कार्यक्रम सञ्चालन गरी यस्ता परिवारहरूको जीवनस्तरमा सुधार ल्याउन आवश्यक भएकोले कैलारी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को १ ले दिएको अधिकार प्रयोग गरि मुक्त कमैया, कमलहरी तथा हलिया पुनर्स्थापना कार्यविधि २०८३ जारी गरिएको छ ।

### परिच्छेद १
### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१) संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "मुक्त कमैया, कम्लहरी तथा हलिया पुनर्स्थापना कार्यविधि २०८३" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

राज समक्ष चौधरी
अध्यक्ष

२) परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएकोले मुक्त कमैया, कम्लहरी तथा हलिया पुनर्स्थापना समितिलाई सम्झनु पर्दछ । सो शब्दले "वडा स्तरीय समितिलाई समेत सम्झनु पर्दछ ।

ख) "गाउँपालिका भन्नाले कैलारी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा कार्यालय" भन्नाले कैलारी गाउँपालिकाको वडा कार्यालयलाई सम्झनु पर्दछ ।

घ) "कार्यपालिका" भन्नाले कैलारी गाउँपालिकको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ) "वडा समिति" भन्नाले कैलारी गाउँपालिकको वडा समितिलाई सम्झनु पर्दछ

च) "लाभग्राही "भन्नाले मुक्त कमैया, मुक्त कम्लहरी तथा मुक्त हलिया समेतलाई सम्झनु पदर्छ, सो शब्दले पुनर्स्थापना हुन् बाँकी मुक्त कमैया, मुक्त कम्लहरी तथा मुक्त हलिया समेतलाई सम्झनु पदर्छ ।

छ) "मुक्त कमैया" भन्नाले २०५७ साउन २ गते नेपाल सरकारले मुक्त घोषणा गरे पश्चात लगतमा नाम भई परिचयपत्र प्राप्त गरि पुनर्स्थापन भएका मुक्त कमैयालाइ सम्झनु पर्दछ ।

ज) "छुट मुक्त कमैया" भन्नाले २०५७ साउन २ गते नेपाल सरकारले मुक्त घोषणा गरि तथ्यांक संकलन गर्दा तत्कालिन अवस्थामा लगतमा नाम छुट्न गएका मुक्त कमैयालाई सम्झनु पर्दछ ।

झ) "मुक्त कम्लहरी" भन्नाले २०७० असार १३ गते नेपाल सरकारले मुक्त घोषणा गरे पश्चात लगतमा नाम भई परिचयपत्र प्राप्त गरि पुनर्स्थापना भएका मुक्त कमलरी सम्झनु पर्दछ ।

ञ) "छुट मुक्त कम्लहरी" भन्नाले २०७० असार १३ गत नेपाल सरकारले मुक्त घोषणा गरि तथ्यांक संकलन गर्दा तत्कालिन अवस्थामा लगतमा नाम छुट्न गएका मुक्त कमलरीलाई सम्झनु पर्दछ ।

ट) "मुक्त हलिया" भन्नाले २०६५ भाद्र २१ गते नेपाल सरकारले मुक्त घोषणा गरे पश्चान् लगतमा नाम भई परियचपत्र प्राप्त गरि पुनर्स्थापना भएका मुक्त हलियालाई सम्झनु पर्दछ ।

ठ) "छुट मुक्त हलिया" भन्नाले २०६५ भाद्र २१ गते नेपाल सरकारले मुक्त घोषणा गरि तथ्यांक संकलन गर्दा तत्कालिन अवस्थामा लगतमा नाम छुट्न गएका मुक्त हलियालाई सम्झनु पर्दछ ।

ड) "साझेदार संस्था" भन्नाले पुनर्स्थापना कार्यमा आर्थिक तथा प्राविधिक सहायता उपलव्ध गराउने नेपाल सरकारको स्वीकृति लिई नेपाल भित्र कार्यरत संस्था वा दातृ निकाय समेतलाई सम्झनुपर्छ ।

ढ) "वडा स्तरीय लगत संकलन तथा सहजीकरण समिति" भन्नाले दफा ४ बमोजिमको सहजीकरण समिति सम्झनुपर्छ ।

ण) "लगत" भन्नाले यस कार्यविधि वमोजिम वडा कार्यालय मार्फत् संकलन गरिने मुक्त कमैयाहरूको विवरण तथा तथ्यांकलाई सम्झनु पर्दछ ।

त) "परिवार" भन्नाले यस कार्यविधि वमोजिम एकाघरको पति, पत्नि, अविवाहित छोरा छोरी वा दरखास्त दिने मिति सम्म एकाघर सगोलमा वस्दै आएका सदस्यहरुलाई सम्झनु पर्दछ ।

थ) "नियमावली" भन्नाले यस कार्यविधिको दफा १३ को (क) वमोजिम आय आर्जन कोष संचालन नियमावली सम्झनु पर्दछ ।

## परिच्छेद २

## लगत संकलन, प्रमाणिकरण र परिचयपत्र वितरण

३) छुट मुक्त कमैया, कम्लहरी तथा हलियाको लगत संकलनः

(१) मुक्त कमैया पुनर्स्थापना समितिले मुक्त कमैया, कम्लहरी, हलिया तथा छुट मुक्त कमैया, कम्लहरी, हलियाहरूको लगत संकलन गर्ने सम्वन्धमा निर्णय गरी सूचना प्रकाशित गर्नुपर्नेछ ।

कैलारी गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल

राज समझ चौधरी
गा.पा. अध्यक्ष

(२) गाउँपालिकाले छुट मुक्त कमैया, कमलहरी तथा हलियाको लगत संकलन गर्न प्रत्येक वडामा वडा स्तरीय सहजीकरण समिति गठन गर्नु पर्नेछ ।

(३) दरखास्तको ढाँचा अनुसुची ३ बमोजिम हुनेछ ।

(४) पालिका स्तरीय मुक्त कमैया, कम्लहरी तथा हलिया पुनर्स्थापना समितिः

(१) मुक्त कमैया, कम्लहरी तथा हलियाहरूको पुनर्स्थापना सम्वन्धी कार्य गर्न देहाय बमोजिमको पालिका स्तरीय पुनर्स्थापना समिति रहनेछः

(क) गाउँपालिका प्रमुख – संयोजक

(ख) गाउँपालिका उप प्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) वडा अध्यक्षहरु मध्ये संयोजकले मनोनित गरेको २ जना (सदस्य

(ङ) मुक्त कमैया, कम्लहरी र हलिया मध्ये बाट १ र १ जना प्रतिनिधित्व हुने गरी संयोजकले मनोनित गरेको ३ जना –सदस्य

(च) मुक्त कमैया, कम्लहरी र हलियाबाट निर्वाचित जन प्रतिनिधि मध्ये संयोजकले मनोनित गरेको १ जना–सदस्य

(छ) पालिका स्तरीय भलमन्सार बडघर समितिको संयोजक –सदस्य

(ज) गाउँपालिकाको कृषि विकास शाखा प्रमुख – सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) पुनर्स्थापना समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) समितिले बैठकको मिति, समय, स्थान, प्रस्ताव तथा निर्णय प्रक्रिया आफै निर्धारण गर्नेछ ।

(५) पुनर्स्थापना समितिको काम, कर्तव्य र अधिकार पुनर्स्थापना समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पुनर्स्थापना सम्वन्धी नीति र कार्ययोजना तर्जुमा गर्ने,

(ख) स्वीकृत नीति र कार्ययोजना कार्यान्वयनको लागि वडामा पठाउने,

(ग) पुनर्स्थापना सम्वन्धी वार्षिक कार्यक्रम स्वीकृतका लागि कार्यपालिकामा पेश गर्ने,

(घ) मुक्त कमैया कमलहरी तथा हलियाहरूको लगत संकलन कार्यको लागि सूचना प्रकाशन गर्ने, गराउने

(ङ) पुनर्स्थापना कार्यको उपलब्धी सूचकका आधारमा नियमित रूपमा त्रैमासिक र वार्षिक समीक्षा गरी सुधारात्मक उपायहरू अवलम्वन गर्न निर्देशन दिने ।

(च) छिटो छरितो र न्यायिक पुनर्स्थापनाका लागि संघ, प्रदेश सरकार र अन्य निकायसँग समन्वय गर्ने ।

(छ) वडा स्तरीय समिति बाट प्राप्त लगत, तथ्यांक माथी छलफल गरी प्रमाणिकरणको लागि कार्यपालिकामा सिफारिस गर्ने,

(ज) पुनर्स्थापन सम्वन्धी आवश्यक अन्य कार्य गर्ने गराउने,

(झ) लगत संकलन प्रारम्भ गर्नु अघि वडा स्तरीय समितिलाई अभिमुखीकरण कार्यक्रम संचालन गर्ने।

(ञ) लगत संकलन कार्यको लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने ।

६) वडा स्तरीय लगत संकलन तथा सहजीकरण समितिः

(१) छुट मुक्त कमैया, कम्लहरी तथा हलियाहरूको लगत संकलन तथा सहजीकरण समेत कार्यको लागि देहाय बमोजिमको वडा स्तरीय समिति रहनेछ ।

कैलारी गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(क) सम्बन्धित वडाको वडा अध्यक्ष – संयोजक
(ख) वडा सदस्यहरु – सदस्य
(ग) वडा अध्यक्षले मनोनित गरेको सम्बन्धित वडाको मुक्त कमैया, कमलहरी तथा हलियाको १/१ जना प्रतिनिधि ३ जना – सदस्य
(घ) वडा अध्यक्षले मनोनित गरेको सम्बन्धित वडाको भलमन्सा र वडघर २ जना – सदस्य
(ङ) वडा कार्यालयको सचिव – सदस्य सचिव
(२) सम्बन्धित गाउ वा टोलका भलमन्सार बडघरलाई बैठकमा आमन्त्रण गर्न सकिने

**(७) वडा स्तरीय लगत संकलन तथा सहजीकरण समितिको काम, कर्तब्य र अधिकार :**

(क) लगत संकलन तथा सहजिकरण कार्य गर्ने ।
(ख) लगत संकलन कार्यमा कुनै समस्या आइपरेमा सोको समाधानका लागी पालिका स्तरीय समितिसंग समन्यव गर्ने ।
(ग) समितिमा प्राप्त हुन आएका दरखास्त माथी छानबिन गरी प्रमाणिकरणका लागी वडा समितिमा पेश गर्ने ।
(घ) लगत संकलन तथा सहजीकरण सम्वन्धी आवश्यक अन्य कार्य गर्ने गराउने,

**(८) लगत संकलनको विधि र आधारः**

१. लगत संकलन गर्दा देहाय देहायका आधार हुनेछन

(क) गाउँपालिकाबाट सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढांचामा वडा समितिमा दरखास्त पेश गर्नुपर्नेछ ।
(ख) दफा ८ (क) बमोजिम प्रकाशित सुचनालाई गाउँपालिकाको सुचना पाटी, वेबसाइट, वडा कार्यालयको सुचना पाटी, सार्वजनिक स्थल, सामाजिक सन्जाल कमैया, कमलरीका संगठन र भलमन्सार वडघरहरु मार्फत सुचना प्रवाह गर्नुपर्नेछ ।
(ग) लगत संकलन गर्दा कमैयाको हकमा २०५७ साउन २ गते, हलियाको हकमा २०६५ भाद्र २१ गते र कमलरीको हकमा २०७० असार १३ गते भन्दा पहिले काम गरेको व्यक्तिको लगत लिनु पर्ने ।
(घ) विगतमा कमैया, कम्लहरी तथा हलिया श्रमिकको रूपमा काम गरेको तर हाल मृत्यू भै सकेको भए निजको श्रीमान वा श्रीमती वा एकाघर सगोलको व्यक्तिको नामबाट लगत संकलन गर्नु पर्नेछ ।
(ङ) छुट हुन गएका कमैयाहरूको लगत संकलनको लागि भूमिसुधार कार्यालयले उपलब्ध गराएको कमैया निस्सा चुट्का, साविक गाविस वा अन्य सरकारी निकायले कमैया भएको सिफारिसलाई आधार मान्ने र नभएको हकमा निजको स्व घोषणा, सर्जमिन मुचुल्का र अन्य आधिकारिक कागजलाई आधार मान्ने ।

(२) मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको निवेदन संकलन पश्चात बुँदा न ६ को (ङ) बमोजिमका प्रमाणको आधारमा सत्यापन गर्नुपर्नेछ ।
(३) वडा कार्यालयले सत्यापन गर्ने प्रयोजनको लागी सूचनाको म्यादभित्र प्राप्त भएका दरखास्तहरु माथी दावी विरोध वा उजुरी गर्नको लागि ७ (सात) दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।
(४) वडा कार्यालयले सूचनाको म्याद भित्र उजुरी प्राप्त भएमा छानविन गर्नु पर्नेछ ।
(५) वडा कार्यालयले सत्यापन गर्ने कार्य गरिसके पश्चात अन्तिम सूची प्रकाशन गर्नु पर्नेछ ।
(६) यस कार्यविधि बमोजिम वडा बाट सत्यापन गर्ने कार्य सम्पन्न भए पश्चात सत्यापन गरिएको विवरण वडाले प्रमाणीत गरी प्रमाणीकरणको लागि समितिमा पठाउनु पर्नेछ ।

गाउँ कार्यपालिकाको कार्यालय
हलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

(७) वडाबाट प्राप्त विवरण पालिका स्तरीय समितिले छानबिन गरि प्रमाणीकरण र अनुमोदनका कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ ।

(८) समितिबाट सिफारिश भइ आएका नामावली माथि कार्यपालिकाले छलफल गरी प्रमाणीकरण गरी परिचय पत्र वितरणको लागी निर्देशन दिनु पर्नेछ ।

(९) परिचयपत्र तयारी र वितरण कार्यपालिकाबाट मुक्त कमैया, हलिया र कम्लहरीहरुको सूची प्रमाणीकरण र अनुमोदन भई सकेपछि अनुसुची १ बमोजिम परिचयपत्र तयारी गरी वितरण गर्नुपर्नेछ ।

## परिच्छेद ३
## मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको पुनर्स्थापना

### (९) सुरक्षित आवास निर्माण

(१) जग्गा प्राप्त गरेका वा जग्गा प्राप्त गर्न सुनिश्चित भएका आवासविहीन मुक्त कमैया तथा हलियालाई एक पटकका लागि परिचय पत्र प्राप्त लाभग्राहीलाई सुरक्षित आवासका लागी गाउँपालिकाले संघ, प्रदेश सरकार तथा अन्य दातृ निकायसंग समन्वय र सहकार्य गर्ने ।

(क) नेपाल सरकार वा यस कार्यविधि बमोजिम परिचयपत्र प्राप्त गरी जग्गा प्राप्त गरेको या जग्गा पाउने सुनिश्चित भएका हालसम्म पनि एक्लै बस्दै आएका अभिभावक विहीन, आवास विहीन तथा अविवाहित वा बिबाहित भए पनि पतिको नाममा जग्गा प्राप्त गरेको या जग्गा पाउने सुनिश्चित भएका भूमिहीन वा आवासविहीन भएका मुक्त कम्लहरीलाई सुरक्षित आवासका लागी गाउँपालिकाले संघ, प्रदेश सरकार तथा अन्य दातृ निकायसंग समन्वय र सहकार्य गर्ने ।

(२) आवासका लागी लाभग्राही छनौट तथा सिफारिस सम्बन्धी व्यवस्थाः

(क) आवास निर्माणका लागि छनौट वा सिफारिस गर्दा जोखिमयुक्त ठाउँमा बसेका, एकल महिला, वृद्ध, फरक क्षमता भएका, अभिभावक विहिन, घर बिहिन मुक्त कमैया, हलिया तथा कम्लहरीलाई प्राथमिकता दिई छनौट तथा सिफारिस गर्नु पर्नेछ ।

(ख) विगतका दिन विभिन्न गैर सरकारी सस्थाहरुले राहत स्वरुप बनाएका मुक्त कमैयाका आवास पुनः निर्माणा गरिनु पर्ने भए अनुगमन गरि सिफारिस गर्नु पर्नेछ ।

(ग) सिफारिस गर्दा स्थलगत अनुगमन समेत गरी सिफारिस गर्नु पर्ने ।

### (१०) जग्गा व्यवस्थापन :

(१) पालिकाले नेपाल सरकार बाट परिचयपत्र प्राप्त गरेका वा यस कार्यविधि बमोजिम परिचयपत्र प्राप्त गर्ने भूमिहीन मुक्त कमैया, हलिया तथा कम्लहरीलाई एक पटकका लागि जग्गा उपलब्ध गराउन सम्बन्धित निकायहरुसंग समन्वय गर्नेछ ।

(क) मुक्त कमैया, कमलरी तथा हलियाले नेपाल सरकारबाट जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त गरी भोगचलन गर्न नपाएका जग्गाको समस्या समाधान गर्नका लागी सम्बन्धित निकायमा समन्वय गर्नेछ ।

(ख) नेपाल सरकारबाट मुक्त कमैया, कम्लहरी तथा हलियाले प्राप्त गरेको जग्गा जोखिम युक्त क्षेत्र वा घर बनाउन उपयुक्त नरहेमा उपयुक्त वैकल्पिक व्यवस्थाको लागि सम्बन्धित निकायमा समन्वय गर्नेछ ।

गाउँ कार्यपालिकाको कार्यालय
... जुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

राज समफ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

(११) **सीप विकास तथा रोजगार प्रवर्धन सम्बन्धी कार्यक्रमः**

(१) पालिका र अन्तर्गतका वडाहरुमा सञ्चालन हुने सिपमुलक तथा रोजगार प्रवर्द्धन गर्ने कार्यक्रममा मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको लागि निश्चित कोटा निर्धारण गर्नु पर्नेछ ।

(२) पालिकाले आर्थिक विकास सम्बन्धी योजना तर्जुमा गर्दा मुक्त कमैया, हलिया तथा कम्लहरीहरुलाई समेत लक्षित गरी योजना तर्जुमा गर्नु पर्नेछ ।

(३) पालिकाले परिचयपत्र प्राप्त मुक्त कमैया बालबलिका तथा कम्हलरीहरुलाई शिक्षाको लागी सहयोग हुने कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(४) पालिकाले संचालन गरिएका रोजगार सम्बन्धी प्रधानमन्त्री स्वरोजगार तथा अन्य कार्यक्रममा मुक्त कमैया कमलरी तथा हलियाहरुलाई रोजगारमा प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्न सक्नेछ ।

(५) पालिकाको रोजगार शाखाले हरेक मुक्त कमैया कम्हलरीहरुको बायोडाटा राखी रोजगारदाताहरूको अवश्यकता भए बमेजिम वेरोजगार मुक्त कमैया कम्हलरीहरुलाइ रोजगारको व्यवस्था गर्न सक्नेछ ।

(६) पालिकाले परिचयपत्र प्राप्त मुक्त कमैया तथा कम्हलरीहरुलाई शिप विकास तालिम तथा पशु पन्क्षी तथा बाख्रा, बंगुर पालनको तालीमका साथै अर्थिक व्यवस्था गरी पाला पैच गरी अनुदानको कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(१२) **दोहोरो सुबिधा नपाउने** : आवास र जमिनको हकमा एकै परिवार भित्रको मुक्त कमैया, कम्लहरी, हलिया मध्ये कुनै एक ब्यक्तिले मात्र सुविधा पाउने ।

## परिच्छेद ४

## विविध

(१३) **झुट्टा विवरण पेश गरेमा कारबाही हुने** : यस कार्यविधि बमोजिम पाईने सुविधा प्राप्त गर्ने उद्देश्यले कसैले झुट्टा विवरण पेश गरेको लिखित वा मौखिक जानकारी प्राप्त भएमा समितिले तत्काल छानविन गरी परिचयपत्र खारेज गर्ने, सेवा सुविधा असुल उपर गर्ने र प्रचलित कानुन बमोजिम कारवाहीका लागी सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ। परिचयपत्र खारेज गर्नु अघि निजलाई एक पटक सुनुवाईको मौका दिनु पर्नेछ

(१४) दफा ९ बमोजिम परिचयपत्र वितरण गरेका मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको विवरण नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायले माग गरेमा उपलब्ध गराउनु पर्नेछ ।

(१५) अन्य पालिकाबाट बसाई सराई गरी आएका परिचय पत्र प्राप्त मुक्त कमैया, कमलहरी तथा हलियाहरु बसाई सरी आएका पालिकाको सिफारिस गरिएको परिचय पत्र प्राप्त मुक्त कमैया, कमलहरी तथा हलियालाई सेवा सुविधा का लागी यस कार्यविधीले बाधा पर्ने छैन ।

(१६) **बाधा अड्काउ फुकाउने** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउनेछ ।

(१७) **परिचयपत्रको प्रतिलिपि दिने** : परिचयपत्र हराए वा नासिई वा झुत्रो भइ परिचयपत्रको प्रतिलिपिका लागी निवेदन पेश गरेमा कार्यालयबाट अभिलेखको आधारमा प्रतिलिपि दिनु पर्नेछ ।

(१८) **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य कुराका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

गौरी... गाउँ कार्यपालिकाको कार्यालय
टुहुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

अनुसुची १

परिचयपत्रको ढाँचा

कार्यविधिको दफा ५ को (१) संग सम्बन्धित

<table>
<tr><th>अग्र भाग</th><th>पृष्ठ भाग</th></tr>
<tr><td>कैलारी गाउँपालिका कार्यालय<br>हसुलिया, कैलाली<br>सूदुरपश्चिम प्रदेश, नेपाल<br>फोटो<br>मुक्त कमैया/हलिया/कम्लहरीपरिच<br>नाम:- ......................<br>वर्ग :- ......................<br>रक्त समूह:- ......................<br>ठेगाना : कैलारी गाउँपालिका वडा नं.........<br>नागरिकता नं.:- ..........................<br><br>प्रमाणित गर्नेको सही</td><td>बाबुको नाम :- ........................<br>पति/पत्नीको नाम :- ...............<br>परिवार संख्या :- .........................<br>परिचयपत्र पाउनेको हस्ताक्षर :-<br>पारिवारिक विवरण :-<br><br>(नोट :यो परिचयपत्र कसैले भेटाएमा कैलारी गाउँपालिका, कैलाली वा सम्बन्धित वडा कार्यालयमा बुझाइ सहयोग गरिदिन अनुरोछ छ ।)</td></tr>
</table>

कैलारी गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली सुदुरपश्चिम प्रदेश, नेपाल

राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

अनुसुची-२

लगत संकलन सम्बन्धी सूचनाको ढाँचा

कार्यविधिको दफा ५ को (१) संग सम्बन्धित

कैलारी गाउँपालिका

...नं वडा कार्यालय

सुदुरपश्चिम प्रदेश

छुट मुक्त कमैया, हलिया तथा कम्लहरीहरुले परिचयपत्रको लागि निवेदन दिने सम्बन्धी ३० (तिस) दिने सुचना

नेपाल सरकारबाट विभिन्न मितिमा मुक्त घोषणा भई हालसम्म पनि परिचयपत्र प्राप्त गर्न नसकेका यस वडामा स्थायी बसोबास गरेका मुक्त कमैया, हलिया तथा कम्लहरी स्वयम् वा निजको पति वा पत्नीले कैलारी गाउँपालिकाको मुक्त कमैया, हलिया तथा कम्हलरी पुनःस्थापना कार्यविधि,२०८१ को दफा ४ को (२) बमोजिम यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिनभित्र वडा कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा आवश्यक प्रमाण सहित निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

निवेदन साथ पेश गर्नुपर्ने कागजात तथा प्रमाणहरु

परिवारमूली र नागरिकता प्राप्त सबै सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ( अनिवार्य),

१। मुक्त कमैयाको हकमा मिति २०५७ साल श्रावण २ गतेभन्दा अगाडी कमैया बसेको प्रमाण, मुक्त हलियाको लागि मिति २०६५ साल भाद्र २१ गतेभन्दा अगाडी हलिया भएको प्रमाण र मुक्त कम्लहरीको हकमा मिति २०७० साल अषाढ १३ गतेभन्दा अगाडी कम्हलरी भएको आधिकारीक प्रमाण ।

२। मृत्यु भएकाको हकमा मृत्यु दर्ता र नाता प्रमाणितको प्रतिलिपि ।

३। छुट हुन गएका कमैयाहरूको लगत संकलनको लागि भूमिसुधार कार्यालयले उपलब्ध गराएको कमैया निस्सा चुट्का, साविक गाविस वा अन्य निकायले कमैया भएको सिफारिस र सिफारिस नभएको हकमा निजको स्व घोषणा, सर्जमिन मुचुल्का र अन्य आधिकारिक प्रमाण ।

गाउँ कार्यपालिकाको कार्यालय, टुँगलिया, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

राज समभ्क चौधरी

गा.पा. अध्यक्ष

अनुसुची-३

निवेदनको ढाँचा

कार्यविधिको दफा ५ को (२) संग सम्बन्धित

श्रीमान् वडा अध्यक्षज्यू,

.......नं वडा कार्यालय

विषय : परिचयपत्र सम्बन्धमा ।

उपरोक्त विषयमा तहाँ स्थानीय तहबाट मिति ............................ मा प्रकाशित मुक्त कमैया, हलिया तथा कम्लहरीहरुले परिचयपत्रको लागि निवेदन दिने सम्बन्धी सूचना मुक्त कमैया कमलरी र हलिया परिचयपत्र प्राप्तिको लागि देहाय बमोजिमको विवरणहरु सहित यो निवेदन पेश गरेको छु ।

१. निवेदक/घरमुलीको विवरण

| | | | |
|---|---|---|---|
| (१.१)निवेदकको नाम,थर | | (१.२)नागरिकता प्र.प.नं./ जारी मिति/जिल्ला | |
| (१.३) बाबुको नाम, थर | | (१.४) आमाको नाम, थर | |
| (१.५) पति/पत्नीको नाम, थर | | (१.६)पति/पत्नीको ना.प्र.प.नं./ जारीमिति/जिल्ला | |
| (१.७) बाजे/ससुराको नाम, थर | | (१.८)जन्मस्थान ९प्रदेश/जिल्ला० | |
| (१.९)साविक गा.वि.स./वडा/गाउँ/टोल | | (१.१०)हालको ठेगाना (प्रदेश१ जिल्ला) | |
| (१.११)हालको गा.पा.न.पा./वडा/टोल० | | (१.१२) राष्ट्रिय परिचयपत्र नं. | |
| (१.१३)मुक्त कमैया/ हलिया / कम्लहरी बसेको अवधि ९...देखी...सम्म० | | (१.१४) मुक्त कमैया/ हलिया / कम्लहरी बसेको स्थान | |
| (१.१५) मुक्त कमैया/ हलिया / कम्लहरी बसेको मालिकको नाम र सम्पर्क नम्बर | | (१.१५) निवेदकको सम्पर्क नम्बर | |

गाउँ कार्यपालिकाको कार्यालय
हरुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

राज सम्भ्क चौधरी
गा.पा. अध्यक्ष

२. परिवारका सदस्यहरुको विवरण

| क.सं. | नाम थर | लिङ्ग | पूरा उमेर | नागरिकता नं. भए | पेसा | परिवारमूलीको नाता |
|---|---|---|---|---|---|---|
| १. | | | | | | निवेदक आफैं |
| २. | | | | | | |
| ३. | | | | | | |

३. हाल बसोबास वा आवाद कमोत गरीरहेको र भूमि आयोगवाट निस्सा पाएको भए सो जग्गाको विवरण बसोबास र आवाद कमोत छुट्टाछुट्टै ठाउँमा भएमा प्रत्येक ठाउँको विवरण क्रमशः

| जग्गा रहेको स्थान सम्बन्धी विवरण | | | भूमि आयोग वाट प्राप्त निस्सा सम्बन्धी विवरण | | | आवाद कमोतको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| गा.पा./न.पा. | वडा | टोल | क्षेत्रफल | जग्गाको प्रकृति बसोबास/कृषि | कित्ता कोड | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

*नोट कुनै जग्गामा बसोबास वा आवाद कमोत नगरेको र भूमिहीन भए यो विवरण उल्लेख गर्नु नपर्ने र कैफियतमा भूमिहीन जनाइदिने ।*

४) स्वघोषणा :

(१) म र मेरो परिवारले हालसम्म कुनै पनि निकायवाट मुक्त कमैया, हलिया कम्लहरीको परिचयपत्र प्राप्त गरेको छैन ।

(२) म र मेरो परिवारको नाममा नेपाल अधिराज्यभर कहीं कतै जग्गाधनी प्रमाण पुर्जा भएको जग्गा छैन । म र मेरो परिवारको आम्दानीले जग्गा खरिद गर्ने क्षमता छैन । म र मेरो परिवारले अंश वापत जग्गा प्राप्त गर्ने कुनै आधार र संभावना छैन ।

म र मेरो परिवारले हालसम्म मुक्त कमैयारहलियारकम्हलरीको रुपमा नेपाल सरकार वाट कुनै किसिमको जग्गा प्राप्त गरेको छैन ।

(३) म र मेरो परिवारले हालसम्म मुक्त कमैयारहलियारकम्लहरीको रुपमा राज्यबाट कुनै किसिमको सुविधा प्राप्त गरेको छैन ।

(४) मैले र मेरो परिवारले नाममा रहेको सम्पूर्ण जग्गा कहिलै पनि बिक्रि वा हक हस्तान्तरण गरेको छैन ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(५) मैले माथि उल्लेख गरेको व्यहोरा ठिक साँचो हो । झुट्टा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

| औंठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

भवदीय

परिवारमूलीको दस्तखत :

मिति :............./........./.........

संलग्न कागजातहरु

१। परिवारमूली र नागरिकता प्राप्त सबै सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (अनिवार्य)

२। मुक्त कमैया/हलिया/कम्लहरी भएको प्रमाण,चुट्का (भए)

३। अन्य प्रमाणहरु............................

कैलारी गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

## अनुसुची-४

दावी विरोध सूचनाको ढाँचा

(कार्यविधिको दफा ५ को (५) संग सम्बन्धित)

कैलारी गाउँपालिका

...नं वडा कार्यालय

सुदुरपश्चिम प्रदेश

**७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको सम्बन्धमा**

यस वडा कार्यालयबाट मिति २०.../.../.... मा प्रकाशित भएको सूचना बमोजिम मुक्त कमैया, हलिया तथा कम्लहरी परिचयपत्र प्राप्तिका लागि तपसिल बमोजिमका व्यक्तिहरुले निवेदन पेश गरेकोले उक्त विवरणमा भएका निवेदकहरुमध्ये कुनै व्यक्ति परिचयपत्र प्राप्त गर्न अयोग्य रहेको देखिएमा यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र वडा कार्यालयमा लिखितरुपले दावी विरोध वा उजुरी गर्नु होला । अन्यथा यसै बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल :

| सि. नं | नाम | ठेगाना | ना.प्र.प. नं. | बाबुको नाम | बाजे/ससुरा | कमैया, हलिया वा कम्लहरी बसेको अवधि | | कमैया हलिया र कम्लहरी बसेको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखी | सम्म | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

कैलारी गाउँपालिकाको कार्यालय
टिकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष